नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

# प्रेस विज्ञप्ती

हालैका दिनमा केही सञ्चार माध्यममा वैदेशिक रोजगारमा हुने विभिन्न ठगीहरुको विषयमा प्रकाशित समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारलाई थप व्यवस्थित गर्न सूचना-प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ। मन्त्रालयबाट प्रवाह हुने सेवालाई सेवाग्राहीको नजिकको स्थानबाट प्रदान गर्ने उदेश्यले व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सम्बन्धी सेवा विदेशस्थित नियोग र श्रम तथा रोजगार कार्यालय, विराटनगर, जनकपुरधाम, हेटौडा, बुटवल, नेपालगञ्ज, सुर्खेत र धनगढी एवं ७५३ वटै स्थानीय तहबाट लिने व्यवस्था गरी मन्त्रालयले कार्य अगाडि बढाएको छ।

वैदेशिक रोजगार ऐन, २०६४ एवं नियमावली, २०६४ अनुसार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले नियमानुसार वैदेशिक रोजगार विभागबाट ईजाजतपत्र लिनुपर्ने व्यवस्था रहेको छ। अनाधिकृत रुपमा कन्सल्टेन्सी लगायतका संस्थाहरुबाट नेपाली नागरिकहरुलाई आकर्षक तलबसहितको जागिरको प्रलोभन देखाई विभिन्न युरोपियन मुलुकहरुमा पठाइदिने भनी हुने गरेको ठगीलाई नियन्त्रण गर्न मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार कार्यालय तत्पर रहेका छन्। साथै, यस्तो गैरकानुनी कार्यमा संलग्न नहुन र त्यस्तो भए-गरेको सूचना पाएमा नजिकको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, श्रम तथा रोजगार कार्यालय, स्थानीय तहको रोजगार सेवा केन्द्र, वैदेशिक रोजगार विभाग एवं मन्त्रालयको टोल फ्रि नम्बर <u>११४१,</u> इमेल ठेगानाः- <u>callcenter@fepb.gov.np</u> तथा फेसबुक पेजः- <u>श्रम कल सेन्टर</u>मा सम्पर्क गरी यथार्थ सूचना/ जानकारी उपलब्ध गराइदिनु हुन सम्बद्ध सबैमा अनुरोध छ।

२६ वैशाख, २०८०

कविराज उप्रेती
उपसचिव/सहायक प्रवक्ता